# प्रेरणा

आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित वर्ष : ४ अङ्क : १३ फाल्गुन : २०८० मार्च २०२४

## आन्तरिक शान्ति



कहिलेकाहीँ हामीले हवाईजहाज या रेलको यात्राका क्रममा टिकटलाई कतै एउटा गोजीमा राखिदिन्छौँ । तपाईंलाई टिकट छ भन्ने कुरा पनि याद हुन्छ तर चाहिएको समयमा भेटिरहिएको हुँदैन । अनि, तपाईं टिकट काउन्टरमा हुनुहुन्छ । त्यतिखेर के गर्नुहुन्छ ? यता खोज्यो, उता खोज्यो तर भेटिँदैन अनि, कहाँ पाइन्छ ? जहाँ छ त्यहीँ पाउने हो । चाहे जतिसुकै खोजे पनि भएकै ठाउँमा खोजेपछि मात्रै पाइन्छ । मानिसहरू पनि खोजी गरियो भने शान्ति पाइन्छ भन्ने सोच्दछन् । खोजेर मात्र हुँदैन । जहाँ छ त्यही स्थानमा खोजेपछि मात्रै पाइन्छ । त्यसो हो भने त्यो शान्ति कहाँ छ ? हामीभन्दा पहिलाका धेरै मानिसहरूले पनि त्यो तपाईंभित्र छ भनेर भनेका छन् ।

> बाहिरको परिस्थिति जस्तोसुकै होओस्, चाहे तपाईं जस्तोसुकै अवस्थामा हुनुहोस् तर शान्ति तपाईंमा समाहित हुन्छ ।

'शान्ति अनुभव गर्ने विषय हो ।' यो नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो । मानिसले शान्तिलाई स्थापना गर्नु आवश्यक छैन किनभने शान्ति त पहिलादेखि नै सबैभित्र हुन्छ । त्यो शान्ति नै वास्तविक शान्ति हो । बाहिरी आवरणलाई हेरेर यो तिर्खालु छ या छैन भन्न सकिँदैन । तथापि, मानिसले तिर्खा लागेको छ या छैन भनेर आफूभित्र महसुस गर्न सक्छ । तिर्खालु मानिसले पानी पाउने इच्छा राखेर पानीको खोजी गर्दछ । भोको मानिसले भोजनको खोजी गर्छ ।

बाहिरको परिस्थिति जस्तोसुकै होओस्, चाहे तपाईं जस्तोसुकै अवस्थामा हुनुहोस् तर शान्ति तपाईंमा समाहित हुन्छ । शान्तिको कुनै पनि परिभाषा हुँदैन । किनभने, शान्तिलाई अनुभव गर्न सकिन्छ । आफूले आफूलाई चिन्ने, आफूले आफूलाई पहिचान गर्ने कुराको सम्बन्ध त्यही शान्तिसँग गाँसिएको हुन्छ । वास्तवमा यो सम्भावना हरेक मानिसमा रहेको छ ।

के साँच्चै हामीले आफ्नो जीवनमा शान्तिको भोकलाई महसुस गरेका छौँ या छैनौँ ? कसैले केही भनिदिन्छन्, कसैले के बताइदिन्छन् । हाम्रा लागि यही कुरा नै पर्याप्त बनिदिन्छ अर्थात् हामी स्वयम्ले पनि आफ्नो जीवनमा शान्तिको अनुभव गर्ने चाहना राख्छौँ त ?

हाम्रो जीवनमा आन्तरिक शान्ति अत्यावश्यक छ । मेरो सन्देश के हो भने, "तपाईं जुन चीजको खोजीमा हुनुहुन्छ नि त्यो तपाईंभित्रै छ ।" यो शान्तिको सन्देश हो । शान्ति भित्रबाट सुरु हुनुपर्छ, बाहिरबाट होइन । तपाईंले बाहिर त शान्तिको लक्षण देखिरहनुभएको छ । मानिसहरूमा 'शान्ति भयो भने यस्तो हुन्छ, उस्तो हुन्छ' भन्ने धारणा हुन्छ । अनि, मानिसहरू त्यही धारणाका पछि लागेका छन् । तथापि, त्यसरी शान्ति हुँदैन । तपाईंभित्र शान्ति भएपछि मात्रै शान्ति प्राप्त हुन्छ ।

## प्रेम रावतका कार्यक्रमहरू

प्रेम रावतका लागि सन् २०२३ विशेष वर्ष साबित भयो किनभने उहाँले एकै सालमा दुईओटा गिनिज विश्व रेकर्डसहित ४ ओटा अवार्ड प्राप्त गर्नुभयो । भारतमा भएका जिज्ञासा सत्र तथा ऐतिहासिक सार्वजनिक कार्यक्रमहरूपश्चात् मलेसियामा आयोजित दुई दिवसीय जन्मदिवस विशेष कार्यक्रमसँगै सन् २०२३ का शृङ्खलाहरू सम्पन्न भए । यसपछि प्रेम रावतले नयाँ वर्ष २०२४ को उपलक्ष्यमा 'सम्भावना' शीर्षकको एउटा विशेष शुभकामना सन्देश दिनुभयो । त्यसमा उहाँले सन् २०२३ लाई विशेष बनाउन योगदान गर्ने सबैलाई आभार व्यक्त गर्नुभएको छ । उहाँले उक्त सन्देशमा जोड दिँदै भन्नुभएको छ, "सन् २०२४ ले तपाईंका लागि के ल्याउनेछ भनेर नहेर्नुहोस् । बरु, आफूलाई के सोध्नुहोस् भने तपाईंले २०२४ मा के ल्याउनुहुनेछ ? तपाईंले २०२४ मा के ल्याउन सक्नुहुन्छ ? के आवश्यक छ र के सम्भव छ ? शान्ति सम्भव छ अनि शान्ति आवश्यक छ ।"

सन् २०२४ मा प्रेम रावतको पहिलो कार्यक्रम मार्च २ मा मेक्सिको सिटीमा सम्पन्न भयो । त्यस स्थानमा उहाँ धेरै वर्षको अन्तरालपछि सम्बोधन गर्न पुनः पुग्नुभएको थियो । त्यसपछि दक्षिण अमेरिकाका कार्यक्रमहरूको शृङ्खला प्रारम्भ भयो । मेक्सिको सिटीको कार्यक्रमपश्चात् अर्जेन्टिनाको ब्युनस एयर्समा कार्यक्रम भयो । यी कार्यक्रमहरूको शृङ्खला हालसम्म जारी नै छ । यी सबै कार्यक्रमहरूको प्रत्यक्ष तथा पुनः प्रसारणलाई टाइमलेसटुडेमार्फत हेर्न सकिनेछ ।

### यसभित्र

गतिविधिहरू
कविता : समदर्शन
कथा : स्वर्ग कहाँ छ ?
केही क्षण तपाईंका लागि...
भजन : कबिरदासजी
एउटा वर्ष होइन, पूरा जीवनको सफलता !

## सन् २०२३ मा दुई गिनिज विश्व कीर्तिमानसहित चार अवार्ड

त्यो दिन एउटै सम्बोधनमा ३ लाख ७५ हजार ६ सय तीन जना दर्शकको उपस्थिति थियो । अन्तर्राष्ट्रिय शान्तिवक्ता तथा विश्वप्रसिद्ध लेखक प्रेम रावतले २६ नोभेम्बर, २०२३ मा भारतको गयामा आयोजित उक्त लाखौं मानिसको सभालाई सम्बोधन गर्नुभयो । उहाँले 'जीवनको मूल्य सम्बन्धी बुझाइ- आफूले आफैंलाई चिन्नु' भन्ने विषयमा मानिसहरूलाई सम्बोधन गर्नुभयो । यस कार्यक्रममा उहाँलाई 'एकै स्थानमा एउटै सम्बोधनमा सबैभन्दा बढी सहभागिता' का लागि एउटा नयाँ गिनिज विश्व रेकर्डको उपाधि प्रदान गरियो । उहाँले बोधगयाको औरा गाउँस्थित अन्नपूर्णा राइस मिल नजिकै राजविद्या केन्द्रद्वारा आयोजित विश्वको सबैभन्दा ठूलो उपस्थितिको सभामा उपस्थित ती मानिसहरूलाई सम्बोधन गरेर यो कीर्तिमान स्थापित गर्नुभएको हो ।

प्रेम रावतले यसअघि सन् २०२३ मै अर्को गिनिज विश्व कीर्तिमान कायम गरिसक्नुभएको थियो । २ अप्रिल २०२३ मा उहाँले १ लाख १४ हजार ७ सय चार जना मानिसहरूको उपस्थितिमा आफ्नो हिन्दी अनुदित 'स्वयम् की आवाज' नयाँ पुस्तकको विमोचन गर्नुभयो । यही परिणामबमोजिम यस प्रकारको कार्यक्रममा यसअघि ६ हजार ७ सय ८६ मानिसहरू उपस्थित रहेको पुरानो विश्व गिनिज रेकर्ड तोडिएको हो । यस क्रममा सर्वप्रथम प्रेम रावतले आफ्नो पुस्तकका केही पानालाई पढेर सुनाउनुभएको थियो । पुस्तकप्रेमीहरूले शान्तिपूर्वक सुनेर त्यसबाट आनन्द लिएका थिए । 'स्वयम की आवाज' प्रेम रावतद्वारा लिखित अङ्ग्रेजी पुस्तक 'हियर योरसेल्फ' को हिन्दी रूपान्तरण हो । यस पुस्तकलाई न्युयोर्क टाइम्सले सर्वाधिक विक्री भएको सूची अर्थात् बेस्ट सेलिङ लिस्टमा समेत राखेको थियो ।

त्यसै गरी, सन् २०२३ कै डिसेम्बरमा मलेसियामा उहाँ र उहाँद्वारा स्थापित संस्था दि प्रेम रावत फाउन्डेसनलाई उत्कृष्ट शान्तिका प्रयासहरू तथा सर्वोत्कृष्ट ब्रान्डिङका लागि पुरस्कृत गरियो । विगत ५५ वर्षभन्दाअघिदेखि सन् २०२३ को डिसेम्बरसम्ममा विश्वभरि ५,६२३ ओटा शान्ति सन्देश कार्यक्रमहरूलाई सम्बोधन गरेर उहाँले गर्नुभएको उत्कृष्ट तथा निरन्तर प्रयासका लागि प्रेम रावतलाई 'दि ब्रान्डलरिएट बुक अफ वर्ल्ड रेकर्ड्स अवार्ड २०२३' द्वारा सम्मानित गरियो ।

यसरी नै उहाँको शान्ति शिक्षा कार्यक्रम हालसम्म विश्वका ८९२ ओटा सुधारगृह तथा कारागारहरूमा व्यवस्थापन तथा सञ्चालन गरिएको छ । यस कार्यमा दि प्रेम रावत फाउन्डेसनले त्यहाँ रहनुहुने मानिसहरूलाई आफैंभित्र शान्ति प्राप्त गर्न र त्यहाँबाट रिहा भएपछि समाजमा घुलमिल हुनका लागि मद्दत गर्ने गरेको छ । यो विशेष योगदानका लागि फाउन्डेसनलाई 'दि ब्रान्डलरिएट बुक अफ वर्ल्ड रेकर्ड्स अवार्ड २०२३' द्वारा सम्मानित गरियो । शान्ति शिक्षा कार्यक्रमले सुधारगृह, कैदीबन्दी, विद्यालय र विश्वविद्यालयका विद्यार्थी, शिक्षक, द्वन्द्वरत मुलुकका पूर्वलडाकु र प्रभावित व्यक्तिहरू, सेवारत तथा सेवानिवृत्त सुरक्षाफौजका व्यक्तिहरूलगायतका विश्वका लाखौं मानिसहरूमा सकारात्मक प्रभाव पारेको छ ।

### शान्ति शिक्षा कार्यक्रम



शान्ति शिक्षा कार्यक्रम प्रसिद्ध लेखक प्रेम रावतको भिडियोमा आधारित कार्यशालाहरूको एक शृङ्खला हो । यसले मानिसहरूलाई आफूभित्रको क्षमता पहिचान गर्न, आफूमा आशा जगाउन र व्यक्तिगत शान्तिका बारेमा बुझ्नका लागि केही हदसम्म मद्दत गर्दछ । कार्यक्रमका विषयवस्तुले सहभागीको बुझाइमा स्पष्टता प्रदान गर्दै व्यक्तिगत शान्ति सम्बन्धी ठोस निष्कर्षको खोजमा सहायता प्रदान गर्दछ । यसर्थ यस कार्यक्रममार्फत सहभागी हुने हरेक व्यक्तिले भरपुर लाभ लिन सक्छन् ।

शान्ति शिक्षा कार्यक्रममा १० ओटा विषयवस्तुहरू छन्- शान्ति, प्रशंसा, आन्तरिक शक्ति, आत्मजागरुकता, आशा, छनोट, आत्मसम्मान, बुझाइ, स्पष्टता र सन्तुष्टि । यो कार्यक्रम हाल अङ्ग्रेजी भाषामा मात्र उपलब्ध भए पनि हिन्दी र नेपालीमा पनि निर्माण गर्ने योजना तय भइरहेको छ । यो कार्यक्रमलाई विद्यालय, क्याम्पस, विश्वविद्यालय, सूधार केन्द्र तथा कारागारहरूदेखि विभिन्न संघसंस्थाहरूमा सञ्चालन गर्न सकिन्छ । यस कार्यक्रमलाई तालिम प्राप्त सहजकर्ताहरूद्वारा सञ्चालन गर्ने गरिन्छ ।

हालै मात्र बालसुधार गृह, विराटनगरमा २२ जनाका लागि कार्यक्रम सम्पन्न भयो । साथै दोस्रो चरणको पेप कार्यक्रम पनि सोही बाल सुधार गृहमा ४२ जनाका लागि सञ्चालन भइरहेको छ । साथै ग्रुप होम सुकेधारामा २८ जना युवा वर्गले पेप कार्यक्रमबाट लाभ लिइरहेका छन् । यस कार्यका लागि अनलाइन जुममार्फत ४ ओटा तालिम र ४ ओटा सत्रहरूलाई पनि पूरा गरिएको थियो । काठमाडौंमा जनप्रेमी कलेज, मनोहर स्कुल, अस्कल कलेज, राइजिङ स्टार कलेज बाफल, एन.सी.सी. कलेज सोह्रखुटे लगायतका शैक्षिक निकायमा अभिमुखीकरण गरिएको छ ।

## कविता

### समदर्शन

नदीले कहाँ पिउँछ र आफूले आफ्नै जल
रुखले कहाँ खान्छ र आफ्नै मीठो फल
सेवा र समर्पण सिकौँ सदा यिनै तत्त्वबाट
समदर्शी भाव सिकौँ सदा यही प्रकृतिबाट ।

सूर्य छर्दछ सबका लागि ताप प्रकाश
चन्द्रले छर्छ सबका लागि शीतल खास
धरती दिन्छिन् सबमा गाँस बास कपास
छहारी सुन्दर प्राणी निमित्त निलो अकास ।

भूमण्डलमा शान्ति छर्न गरौँ प्रयास सबले
धरणी हो यो साझा सबको माया गरौँ सबले
वसुधैव कुटुम्बकम् भन्ने चिन्तन सबले जगाई
भूमण्डलमा छरौँ शान्ति प्रेमभाव सबमा ल्याई ।

-कुमार सिंह कार्की
हडिया, उदयपुर

### केही क्षण तपाईंका लागि...

यो परिवर्तित समयमा केही क्षणलाई तपाईंका लागि सुरक्षित बनाइएको छ- केही क्षण, तपाईंभित्रको चीजलाई अनुभव गर्नका लागि। तपाईंले त्यस चीजको अनुभव गर्ने अनुमति पाउनुभएको छ । तपाईंले त्यसलाई बुझ्ने अनुमति प्राप्त गर्नुभएको छ। तपाईंलाई हृदयको आनन्दलाई अनुभूत गर्ने अनुमति दिइएको छ। त्यो आनन्द सबैभन्दा साँचो आनन्द हो- परमानन्द ! किनभने, प्रत्येक मानिसभित्र अत्यन्तै दिव्य तिर्थ रहेको छ । अनि, त्यहाँ को विराजमान छन् ? को विद्यमान छन् ? ती चेतन परमात्मा प्रत्येक मानिसभित्रै रहेका छन्। बुझ्नुभयो ?

-प्रेम रावत
२९ मार्च, १९९४

यस प्रेरणा पत्रिकामा प्रकाशित सामग्रीहरू- 'आन्तरिक शान्ति','केही क्षण तपाईंका लागि...' ,'स्वर्ग कहाँ छ ?' कथा र 'एउटा वर्ष होइन, पूरा जीवनको सफलता !' लेखहरूको विषयवस्तु प्रेम रावतको सन्देशबाट साभार गरी अनुवाद गरिएको हो। उहाँ मानवता र शान्तिका विषयमा चर्चा गर्ने अन्तर्राष्ट्रिय वक्ता हुनुहुन्छ।

## कथा

### स्वर्ग कहाँ छ ?

एक जना राजा थिए। उनले अर्को देशमा आक्रमण गर्ने भनेर तयारी गरे। रातभरि उनले 'यदि म मरिगएँ भने स्वर्गमा जान्छु कि नरकमा जान्छु' भनेर सोचिरहे। यसरी सोच्दासोच्दै उनको मनमा 'स्वर्ग भनेको के हो र नरक भनेको के हो' भन्ने विचार उत्पन्न भयो। 'स्वर्ग जानेछु कि नरक जानेछु !' यो त एक किसिमको जिज्ञासा भए पनि स्वर्ग कस्तो हुन्छ ! अनि, नरक कस्तो हुन्छ भन्ने अर्को प्रकृतिको प्रश्न हो। तिमी स्वर्ग जान्छौ या नरक जान्छौ भनिदिन त सजिलै हुन्छ। तथापि, यस कुरालाई बुझ्न एकदमै गाह्रो छ। अनि, राजालाई त यसका बारेमा बुझ्नुपर्ने थियो।

भोलिपल्ट उनी एकाबिहानै तयार भए। उनले कवच लगाए। तरबार भिरे। घोडामा बसे। त्यसपछि आफ्नो विचारमा बग्दै त्यहाँबाट हिँडे। बाटामा उनले एक जना सन्त कतै हिँडिरहेको देखे। उनले आफ्नो घोडालाई उनी भएतिर मोडेर उनको नजिकमा पुगे।

राजाले सोधे, 'मलाई यो स्वर्ग के हो र नरक के हो भनेर बताइदिनुहोस् न !'

सन्तले भने, 'हजुर, अहिले मलाई फुर्सद छैन। म अहिले निकै टाढासम्मको यात्रामा निस्केको छु।'

राजा क्रोधित भए। चिच्याउँदै भन्न थाले, 'तिमीलाई म को हुँ भन्ने कुरा थाहा छैन ? म यहाँको राजा हुँ। तिमीले मलाई फुर्सद छैन भनेर तर्किने हिम्मतै कसरी गऱ्यौ ? राजा एकदमै धेरै रिसाए।

त्यसपश्चात् सन्तले उनीतिर फर्केर भन्छन्, 'राजन, यतिखेर तपाईं नरकमा हुनुहुन्छ।'

राजाले पनि सोचे, कुरा त सही हो। म त निकै क्रोधित भएको छु। म रिसले चुर भएको छु। साँच्चै म त नरकमा छु। उनी घोडाबाट ओर्लिएर सन्तसँग भन्न थाले, 'मबाट एकदमै ठूलो भुल भयो। हजुरले भन्नुभएको कुरा वास्तवमा नै सत्य हो। हजुरले त मेरो आँखा खोलिदिनुभयो। म कसरी हजुरसमक्ष आफ्नो आभार प्रकट गर्न सक्छु ?

सन्तले फेरि राजातिर फर्केर भने, 'राजन, यतिखेर तपाईं स्वर्गमा हुनुहुन्छ।'

## भजन

पानीमा माछा छ प्यासी, यो सुनेर मलाई उठ्छ हाँसो

आत्मज्ञानविना नर भट्कन्छ, के मथुरा के काशी
मृगनाभीमा छ कस्तूरी, वन-वन घुम्छ भई उदासी

जलमा कमल कमलबिच कोपिला, त्यहीँ छ भमरो आशी
मनकै वशमा भए सबै त्रिलोक यति, सती, सन्यासी

ब्रह्मा, विष्णु, महेश जसको ध्यान गर्छन्, मुनिजन हजार अठासी
तिनै हंश तिम्रा घटमा छन्, अलख पुरुष अविनाशी

छ घटमा तर टाढा बताउँछन्, टाढाको कुरा निराशी
भन्छन् कबिर सुन सज्जन हो, गुरुविना जान्न भ्रम नासी ।

(सन्त कबिरदासजीको दोहाबाट भावानुवाद गरिएको)

## एउटा वर्ष होइन, पूरा जीवनको सफलता !

नयाँ वर्ष सन् २०२४ को उपलक्ष्यमा मेरो हार्दिक शुभकामना !

नयाँ वर्षमा मानिसहरूले केही यस्तो वा त्यस्तो बनोस् भन्ने चाहना राख्छन् । यद्यपि हृदयको पनि एउटा चाहना हुन्छ। हामीले हृदयको चाहनालाई केही गरेर पूरा गर्न सकौँ। किनभने, हृदयको चाहना शान्तिको चाहना र साँचो प्रेम हो। त्यो हृदयले परमानन्दको चाहना राखेको हुन्छ । हाम्रो जीवनमा हामी त्यो वास्तविक चीजलाई अनुभव गर्न सकौँ।

हामी पत्रपत्रिका पढ्छौँ । हिजोआज पत्रपत्रिका र समाचारको कमी छैन। अहिले नयाँ-नयाँ उपकरणहरू छन्, त्यहाँ हरेक दिन समाचार आइरहेको हुन्छ। यस्तो संसारमा नयाँ वर्षका लागि कस्तो आकाङ्क्षा हुनुपर्छ ? वास्तवमा उसले आफ्नो जीवनमा आनन्द प्राप्त होओस् भन्ने चाहना राख्नुपर्छ । मेरो जीवनमा आनन्द होओस् । यस पृथ्वीमा रहेका सबै मानिसहरू एक ढिक्का भएर अघि बढ्न सकौँ । यसबाट सबैको भलाइ होओस्।

आजकल त मानिसहरू 'मेरो भलाइ कसरी हुन्छ' भनेर केवल आफ्नो हितका बारेमा सोच्ने गर्छन् ! अरूको भलाइ नै चाहँदैनन्। यथार्थमा आफू र अरूको पनि भलाइ हुनुपर्छ। उक्त साँचो भलाइ नै हृदयको चाहना हो। नयाँ वर्षका लागि हामीले यस्तो चाहना राख्यौँ भने यसबाट हाम्रो र सारा संसारको उन्नति हुन्छ। यो नयाँ सालमा तपाईंको एकदमै उन्नति होओस्, तपाईंको जीवनमा प्रेमभावको वृद्धि होओस्, तपाईंको जीवनमा शान्ति बढोस् अनि तपाईंको जीवनमा आनन्द नै आनन्द होओस्।

> मानिस शान्त हुन चाहन्छ। यो ऊभित्रको तिर्खा हो र यो तिर्खालाई नमेटेसम्म त्यो तिर्खा लागिरहनेछ।

म त हरेक वर्ष मानिसको जीवनमा सुख-शान्तिको आगमन होओस् भन्ने चाहना राख्छु तर मैले कुरा गर्ने सुखलाई प्राप्त गर्ने तरिका केही फरक छ । मानिसले यो दुनियाँमा बसेर आफ्ना लागि एउटा घेरो बनाएको छ। अनि, त्यसमा उसलाई कुन चीज मन पर्छ, कुन कुरा राम्रो लाग्छ भन्ने खालका उसका सपनाहरू पर्खालमा टाँगिएका तस्बिरहरू जस्तै हुन्छन् । उसले ती तस्बिरलाई हेरेपछि उसमा आफ्ना सपनाहरूको स्मरण हुन पुग्छ । त्यसपछि उसले भगवान्सँग ती सपना साकार होऊन् भनेर प्रार्थना गर्छ।

मानिसले आफ्नो मनलाई खुसी पार्ने कोसिस गर्छ । मनमै कल्पना गरेर भन्छ- टेलिफोन प्राप्त भयो भने कति राम्रो हुन्छ होला। जोकोहीले त्यसमा कुराकानी गर्न सक्छन्। त्यसपश्चात् घरमा टेलिफोन राख्छन् अनि घण्टी बज्ने काम बन्दै भएन भने मनले के भन्छ ? यो घण्टी बज्ने काम बन्द भएमा कति राम्रो हुने थियो !

मानिसलाई मनले दुवै कोणबाट हैरानी दिइरहन्छ तथापि मानिसमा खुसी रहने अभिलाषा हुन्छ। मानिसको प्रकृति नै आफू सन्तुष्ट हुन चाहनु हो। मानिस शान्त हुन चाहन्छ। यो ऊभित्रको तिर्खा हो र यो तिर्खालाई नमेटेसम्म त्यो तिर्खा लागिरहनेछ। मानिस धेरै पहिलादेखि नै आफूलाई खुसी राख्न लागिपरेको छ। मानिसलाई कुनै कुराले खुसी देला तर उसले आफ्नो खुसीलाई राखिरहनै सक्दैन। किनभने, चीजबीजहरू त बदलिरहन्छन् अनि ऊचाहिँ चीजहरू बदलिनुहुँदैन भन्ने चाहन्छ तर चीजबीजहरू एकनास रहँदैनन्।

> जीवित रहेसम्म तपाईंमा भ्रमबाट जोगिन सक्ने क्षमता हुन्छ।

अहिलेको समस्या के हो ? मानिसहरू एक-अर्कालाई भ्रमित बनाइरहेका छन् । जता हेर्‍यो त्यतै अन्योलमा फसाइरहेका छन्। यद्यपि, जीवित रहेसम्म तपाईंमा भ्रमबाट जोगिन सक्ने क्षमता हुन्छ । भ्रमित हुनु राम्रो कुरा होइन । यसबाट टाढै रहनुपर्छ।

मानिसहरू अरूको कुरा सुनेर भ्रमित हुने गर्छन्। सुन्नुपर्ने व्यक्तिको कुराचाहिँ सुनिरहेका छैनन्। अरूको कुरा सुनेपछि त भ्रममा पर्नु स्वाभाविक हो । मानिसहरू आफ्नो हृदयको पुकारालाई भुलेर यताउता दौडिरहन्छ। ज्ञान छ। मानिस ज्ञान लिएर पनि अज्ञानी बन्छ भने त फेरि उसका लागि के नै बाँकी रहन्छ र ! आफू बसेकै डुङ्गामा उसैले प्वाल पारिरहेको छ। आफैं बसेको रुखको हाँगालाई आफैंले काटेपछि त पक्कै पनि गडबड हुन्छ नै। यदि केही गडबड नभए पनि उसको समय त खेर जान्छ अनि समयलाई कसैले पनि फर्काउन सक्दैन । एक-एक दिन, एक-एक पलमा मानिसले सचेत रहेर जिउनुपर्छ किनभने त्यो क्षण खेर नजाओस्। उसको जीवनमा सुख होओस्, उसको जीवनमा शान्ति होओस्, चैन होओस्। यसर्थ एक वर्षको मात्र कुरा नभएर उसको पूरा जीवन नै सफल हुनुपर्छ। उसको जीवनमा सुख, शान्ति, समृद्धि, आनन्द नै आनन्द हनुपर्छ।

यदि तपाईंलाई आफ्नो जीवनमा सुख होस्, शान्ति होस् भन्ने लाग्छ भने सृष्टिकर्ताले तपाईंभित्र पूर्ण रूपमा यो सम्भावनालाई राखिदिएका छन्। चाहे जोसुकै भए पनि यसको आनन्द लिन सक्छन् अनि आफ्नो जीवनलाई पूर्ण तुल्याउन सक्छन्।

**आत्मज्ञान प्रचार संघ**

सामाखुशी, काठमाडौँ, फोन नं. : ०१-४९५२९१२/४९५२९८०, हेल्पलाइन नं. : ०१-५९०१७६५ इमेल : agps@mos.com.np

प्रचार विभाग : ९८४३१६५०११, लेखा विभाग : ९८४७३६४४८७, व्यवस्थापन विभाग : ९८४०००६२४५